मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १८६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ १० गते विहीवार (Thursday, 23 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**हावाहुरीबाट जोगिने उपायहरु**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्रुक बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भद्रपुरका गर्भवती महिलालाई २० लाखको मह र घिउ

**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, जेठ ९।** गर्भावस्था र स्तनपान गराउने बेलामा उचित पोषण भएन भने आमाको स्वास्थ्य र जन्मने शिशुको स्वास्थ्यमा समेत प्रतिकूल असर पर्ने भन्दै भद्रपुर नगरपालिकाले गर्भवती महिलाहरुलाई पौष्टिक आहार प्रदान गर्दै आएको छ ।

आमासँग नगर उपप्रमुख कार्यक्रम अन्तरगत पालिकाले बार्षिक नीति तथा कार्यक्रम मार्फत बजेट ब्यवस्थापन गर्दै गर्भवती महिलाका लागि पौष्टिक आहार प्रदान गर्दै आएको हो । जसमा गर्भवती महिलालाई आवश्यक पर्ने पौष्टिक आहारसँगै मह र घिऊ समेत प्रदान गर्ने गरिएको भद्रपुर नगरपालिकाकी उपप्रमुख राधा कार्कीले बताइन् । यो सेवा लिन गर्भवती महिलाले सामुदायिक अस्पतालमा कम्तीमा दुईपटक स्वास्थ्य जाँच गराएको हुनुपर्छ -उपप्रमुख कार्कील भनिन्- सबै गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य जाँच गराउनका लागि प्रेरित गर्ने उद्देश्यले हामीले यो कार्यक्रम सञ्चालन गरेका हौं ।

नगरले सञ्चालन गरेको यो कार्यक्रम अन्तरगत अहिले नगर क्षेत्रका नौ सय गर्भवती आमाहरुले अस्पतालमा नियमित स्वास्थ्य जाँच गराउँदै सेवा लिएको उपप्रमुख कार्कीले बताइन् । स्वास्थ्य संस्थामा नियमित गर्भ जाँच गर्ने महिलाहरुलाई अहिले नगद दुई हजार रुपैयाँ समेत प्रदान गर्छौं -उनले भनिन् ।

भद्रपुर नगरपालिकाले आमासँग नगर उपप्रमुख कार्यक्रमका लागि २० लाख रुपैयाँ बजेट व्यवस्थापन गरेको छ । सोही रकमबाट गर्भवती महिलाहरुलाई मह र घिऊ प्रदान गर्ने गरिएको छ । त्यस्तै नगरले परिवार कल्याण कार्यक्रम अन्तरगत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्त सञ्चार, न्यानो झोला, नवजात शिशुको निःशुल्क उपचार लगायतका कार्यक्रम समेत सञ्चालन गरेको छ । मातृ तथा नव शिशु कार्यक्रम सञ्चालन गर्न १५ लाख रुपैयाँ भन्दाबढी बजेटको व्यवस्थापन गर्दै कार्यक्रम सञ्चालन भइरहेको नगरउपप्रमुख कार्कीले जानकारी दिइन् ।




यता पालिकाले 'अपाङ्गको स्वास्थ्य हाम्रो जिम्मेवारी' कार्यक्रम अन्तरगत अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क सहायक सामग्री बितरण र निःशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरेको छ ।

त्यस्तै नगरप्रमुखसंग विमा नवीकरण-निःशुल्क विमा कार्यक्रम सञ्चालन गरिएको छ । यो कार्यक्रममार्फत विपन्न समुदायका नागरिक तथा सन्थाल समुदाय सबैभन्दा बढी लाभान्वित भएका छन् । यो कार्यक्रमका लागि नगरपालिकाले १० लाख रुपैयाँ बजेट व्यवस्थापन गरेको बताइएको छ ।

यता मृगौला प्रत्यारोपण - डायलासिस गरेका, क्यान्सर रोगी तथा मेरुदण्ड पक्षघात भएका विरामीका लागि भद्रपुर नगरपालिकाले स्वास्थ्य उपचार खर्च बापत ५१ लाख रुपैयाँ प्रदान गरेको छ । यो सेवा लिनेको संख्या १८५ जना रहेको स्वास्थ्य शाखाले जनाएको छ । गत वर्ष यो सेवा लिनेको संख्या एक सय ५२ जना रहेको थियो ।

भद्रपुर नगरपालिकामा रहेका स्वास्थ्य संस्थाबाट चालू आर्थिक वर्ष दुई लाख २५ हजार ७ सय ८३ जनाले सेवा लिएका छन् । सेवा लिने मध्ये महिलाको संख्या धेरै छ । भद्रपुर नगरपालिकाका अधिकृत तथा सूचना अधिकारी नेत्रप्रसाद पोखरेलले दिएको जानकारी अनुसार एक लाख १९ हजार ६ सय ४५ जना महिलाले सेवा लिँदा पुरुष एक लाख ६ हजार १ सय ३८ जनाले सेवा लिए ।

भद्रपुरमा रहेका स्वास्थ्य संस्थामा सेवा लिने मध्ये ९ वर्ष मुनिका १० हजार २ सय ८७ जना बालिकाले सेवा लिएका छन् भने ११ हजार १ सय २५ जना बालकले सेवा लिएका छन् । १० देखि १४ वर्षसम्मका ५ हजार १ सय ५३ जना बालिकाले सेवा लिँदा ५ हजार ८ सय ९० जना बालकले सेवा लिए । त्यस्तै १५ देखि १९ वर्ष उमेर समूहका ६ हजार १ सय ७६ किशोरीले सेवा लिँदा ५ हजार ५ सय ८८ जना किशोरले भद्रपुरमा रहेका विभिन्न स्वास्थ्य संस्थाबाट सेवा लिएका छन् ।

२० देखि ५९ वर्ष उमेर समूहका ७१ हजार ५ सय ४७ जना महिलाले स्वास्थ्य सेवा लिँदा ५६ हजार १ सय ७७ जना पुरुषले स्वास्थ्य सेवा लिएका छन् । ६० देखि ६९ वर्ष उमेर समूहका १४ हजार ६ सय ८१ जना महिलाले स्वास्थ्य सेवा लिँदा १३ हजार ९ सय ४ जना पुरुषले भद्रपुरका स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा लिएका छन् । ७० वर्ष माथिका ११ हजार ८ सय १ जना महिलाले स्वास्थ्य सेवा लिएका छन् भने स्वास्थ्य सेवा लिने पुरुषको संख्या १३ हजार ४ सय ५४ जना रहेको छ ।

गत वर्ष भद्रपुरमा स्वास्थ्य सेवा लिनेको संख्या तीन लाख २३ हजार २ सय ७२ रहेको भद्रपुर नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ । स्वास्थ्य शाखा प्रमुख शान्तिराम भट्टराईका अनुसार गत वर्ष भद्रपुरमा सेवा लिने महिलाको संख्याभन्दा पुरुषको संख्या धेरै थियो ।

भट्टराईका अनुसार गत वर्ष १ लाख ५४ हजार ५ सय ९० जना महिलाले स्वास्थ्य सेवा लिँदा एक लाख ६८ हजार ६ सय ८२ जना पुरुषले स्वास्थ्य सेवा लिएका थिए ।

सबै नागरिकलाई स्वास्थ्य सेवा दिने उद्देश्यले भद्रपुर नगरपालिकाले यो आर्थिक वर्ष ४८ वटा गाउँघर क्लिनिक सञ्चालन गरेको छ । त्यस्तै एक सय ६१ वटा खोप क्लिनिक, २ सय

*(बाँकी अन्तिम पृष्ठमा)*

## सन्दीप लामिछानेले अमेरिकाको भिसा पाएनन्

**बिर्तामोड, जेठ ९।** क्रिकेटर सन्दीप लामिछानेले आईसीसी टी-२० विश्वकपमा सहभागी हुन जान संयुक्त राज्य अमेरिकाले भिसा नदिएको बताएका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमा यसबारे खुलाएका हुन् । काठमाण्डौं जिल्ला अदालतले एक किशोरीसँग जबरजस्ती करणी गरेको मुद्दामा दोषी ठहर गरेपछि उनलाई नेपाल क्रिकेट सङ्घ (क्यान)ले निलम्बन गरेको थियो ।

तर गत साता उच्च अदालतले उनलाई सफाइ दिएपछि उनको निलम्बन फुकुवा भएको हो । क्यानका अध्यक्ष चतुरबहादुर चन्दले अब प्रधानमन्त्रीलाई अनुरोध गरेर परराष्ट्र मन्त्रालयमार्फत् उनलाई भिसा दिलाउन पहल गरिने बताएका छन् । अदालतको निर्णय आउनुअघि नै लामिछानेले कीर्तिपुरमा नियमित प्रशिक्षण गरिरहेका थिए ।

**क्यानले अब के गर्छ ?**

अदालतको निर्णय आएपछि उनलाई विश्वकप प्रतियोगितामा खेल्न पठाउन खोजिएको थियो । अब एक पटक प्रधानमन्त्रीज्यूलाई पहल गर्छु । परराष्ट्रमन्त्रीलाई जानकारी भइसक्यो । खेलकुदमन्त्रीले फोन उठाउनु भएन, यो देशसँग जोडिएको कुरा हो- क्यानका अध्यक्ष चन्दले भने ।

उनका अनुसार अमेरिकाले भिसा अस्वीकृत हुनुको कारण खुलाएको छैन । के कारण उसले भन्दैन, आज उनीहरूले भिसा अस्वीकृत गरे । यो क्रिकेटका लागि नै नराम्रो भयो - अध्यक्ष चन्दले भने । क्यानका अनुसार अमेरिकी दूतावासले भिसा अन्तर्वार्ताका लागि बिहीवारको समय दिएको थियो । तर सो दिन बुद्ध जयन्तीको सार्वजनिक बिदा भएका कारण अनुरोध गरेर बुधवारका लागि भिसा अन्तर्वार्ताको समय सारिएको थियो । अदालतको आदेश, आईसीसीको पत्र, क्यानको पत्रसहितको प्रक्रिया गर्दा पनि अस्वीकृत भयो- चन्दले भने । लामिछानेको पुरानो भिसा २०२५ सम्मको भए पनि अमेरिकाले यसअघि रद्द गरिसकेको चन्दले बताएका छन् ।



क्यानले अदालतको निर्णयबारे जानकारी गराउँदै अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) लाई सन्दीप लामिछानेलाई विश्वकपमा सहभागी गराउने विषयमा पत्राचार गरेको बताएको थियो । क्यानका सचिव पारस खड्काले मङ्गलवार राति लामिछानेको भिसा प्रक्रिया शुरु भएको जानकारी दिएका थिए । लामिछानेलाई यसअघि सन् २०१९ मा पनि अमेरिकाले भिसा दिन अस्वीकार गरेको थियो । तर दूतावासले त्यसमा त्रुटि भएको भन्दै पछि उनलाई भिसा दिएको थियो। अमेरिका र वेस्ट इन्डिजमा हुन लागेको २० ओभरको विश्वकपमा नेपाल पनि सहभागी हुन लागेको छ ।

क्यानले अदालतको निर्णयको जानकारी गराउँदै अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी) लाई सन्दीपलाई विश्वकपमा सहभागी गराउने विषयमा पत्राचार गरेको बताएको थियो ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोशीमा १७७ वटा मानवअधिकार उल्लङ्घन

**मोरङ, जेठ ९।** राष्ट्रिय मानवअधिकार आयोगले कोशी प्रदेशमा मानवअधिकार उल्लङ्घनका घटनामा गरिएका अधिकांश सिफारिस कार्यान्वयन नभएका जनाएको छ ।

आयोगको कार्यालय हरिहर भवन काठमाडौँद्वारा बुधवार विराटनगरमा आयोजित आयोगबाट भएका सिफारिसको कार्यान्वयनसम्बन्धी छलफलमा आर्थिक वर्ष २०८० को असार मसान्तसम्म प्रदेशमा ७२ प्रतिशत मानवअधिकार उल्लङ्घनका घटनाका सिफारिस कार्यान्वयन नभएको बताइएको छ ।

प्रदेशमा एक सय ७७ मानवअधिकार उल्लङ्घनका घटना भएकामा तिमध्ये १७ पूर्ण, ४९ आंशिक र एक सय ११ वटा कार्यान्वयन नभएको जानकारी दिइयो । प्रदेशका १४ जिल्लामध्ये मोरङ जिल्लामा सबैभन्दा बढी २७ वटा उल्लङ्नका घटनाका सिफारिस कार्यान्वयन नभएको आयोगद्वारा जारी तथ्याङ्कमा उल्लेख छ ।

त्यस अवसरमा आयोगका सदस्य मनोज दवाडीले

*(बाँकी अन्तिम पृष्ठमा)*

## करेन्ट लागेर एक जनाको मृत्यु

**मोरङ, जेठ ९।** बेलबारी नगरपालिका-९ बैराखुनीमा करेन्ट लागेर एक व्यक्तिको मृत्यु भएको छ। मृत्यु हुनेमा ३७ बर्षीय अनिल शेर्पा रहेका छन् ।

घर नजिकै रहेको कुखुरा फर्ममा पंखा जोड्ने क्रममा अचानक करेन्ट लागेर घाइते भएका उनको उपचारको क्रममा नोबेल अस्पताल बिराटनगरमा मृत्यु भएको भएको प्रहरीले जनाएको छ ।

## जलवायु परिवर्तनप्रति विज्ञहरुको चिन्ता

**काठमाडौँ, जेठ ९ गते।** जलवायु परिवर्तन र बढ्दो तापक्रमले नेपालको हिमाली क्षेत्रमा भइरहेको हानी नोक्सानीप्रति विश्व समुदायले चिन्ता व्यक्त गरेको छ ।

बुधबारदेखि काठमाडौँको चन्द्रागिरिमा शुरु भएको दुई दिने हिमाल, मानव र जलवायु विषयक विज्ञहरूको अन्तर्राष्ट्रिय संवाद कार्यक्रममा सहभागीले नेपालको हिमालको अवस्था देखेर विश्व चिन्तित हुनुपर्ने धारणा राखेका हुन् ।

अन्तर्राष्ट्रिय संवादमा भाग लिन आएका भुटानका कृषि तथा वातावरणमन्त्री योन्थेन फुन्टेसोले हिमाली अर्थव्यवस्था नै तहसनहस हुनेगरी पछिल्लो दिनमा भइरहेका गतिविधिप्रति चिन्ता व्यक्त गरे । उनले भने -अब हाम्रा हिमाल सेता होइनन्, काला हुने सम्भावना बढिरहेको छ । यही गतिमा तापक्रम वृद्धि हुँदै जाने हो भने हिमाल हिउँ विनाको हुनसक्ने तर्फ सबै सचेत हुनुपर्छ । उनले नेपाललगायतका हिमाली मुलुकमा देखिएको बाढी, पहिरोको समस्याले समुन्द्री तटीय मुलुकमा डुबानको पीडा सिर्जना भइरहेको बताउँदै हिमाली जैविक विविधताको संरक्षण गर्नु विश्व समुदायको दायित्व भएको धारणा राखे ।

उनले पर्वतीय मुलुकको 'माउन्टेन रोडम्याप' बनाउनुपर्ने पनि बताए । त्यसका लागि अन्तर्राष्ट्रिय सहकार्य आवश्यक भएको बताउँदै मन्त्री योन्थेनले वातावरणीय विपद् र जलवायु परिवर्तन विरुद्धको लडाईमा नेपालले शुरु गरेको संवादबाट साझा अवधारणा निर्माण गर्नुपर्नेमा जोड दिए ।



कार्यक्रममा सहभागी हुन आएका बङ्गलादेशका वातावरण, वन तथा जलवायुमन्त्री सबेर हुसेन चौधरीले जलवायु परिवर्तन गराउनमा हिन्द कुश हिमालयको नगन्य भूमिका भए पनि असर सबैभन्दा बढी नेपाललगायतका हिमाली मुलुकमा परिरहेको बताए । उनले यस विषयमा विश्व समुदायसँग डटेर संवाद गर्न ढिलाइ गर्न नहुने धारणा राखे ।

उनले भने -हिमाल स्वस्थ भएमा पूरा ब्रह्माण्ड स्वस्थ हुन्छ । हिमालमा समस्या भए पृथ्वीभरि समस्या हुन्छ । यो कुरा विश्व समुदायलाई बुझाउन ढिला भइसक्यो । यसबारेमा हामीले प्रभावकारी रूपमा लबिङ गर्नुपर्छ । यसको नेतृत्व नेपालले लिँदा बङ्गलादेश हात मिलाउन तयार छ । मन्त्री चौधरीले भने - हिमालमा समस्या मात्र छन् भनेर हामीले भनिरहेका छौँ । यी सबै समस्या सिर्जना गर्नेलाई अब समाधान गर पनि भन्नु सक्नुपर्छ । समाधानका उपाय पनि हामीले दिन सक्नुपर्छ । अब समस्याहरू देखाएर मात्र पुग्दैन । हामीले निकै ठुलो क्षति व्यहोरी सक्यौँ ।

कार्बन न्यूनीकरण नगरुन्जेलसम्म जलवायु परिवर्तनले गरेका समस्याका समाधानको बिन्दुमा पुग्न सकिँदैन भन्दै मन्त्री चौधरीले भने -जी २० मुलुकले ८० प्रतिशत कार्बन उत्सर्जन गरिरहेका छन् । उनीहरूलाई जिम्मेवार बनाउनुपर्छ । जलवायु परिवर्तनको असरले गरिबी बढाएको छ, नेपालजस्ता

*(बाँकी अन्तिम पृष्ठमा)*

## राजीनामा स्वीकृत भएपछि पनि ...

**दमक, जेठ ९ ।** झापाको कमल गाउँपालिका वडा नं. ६ मा रहेको वाणी माध्यमिक विद्यालयको प्रधानाध्यापक सम्बन्धी विवादमा गाउँपालिकाले हस्तक्षेपकारी भूमिका खेल्दै व्यवस्थापन समितिलाई राजीनामा दिएका प्रधानाध्यापकलाई नै फेरि निमित्त प्रधानाध्यापकको जिम्मेवारी दिएको छ ।

विद्यालय व्यवस्थापन समितिले नियुक्त गरेका प्रधानाध्यापकलाई अस्वीकार गर्दै गाउँपालिकाले विवाद समाधान नभएसम्मका लागि र नयाँ प्रधानाध्यापक नियुक्ति नभएसम्मका लागि भन्दै गाउँ कार्यपालिकाको बैठकले राजीनामा स्वीकृत भइसके पनि लक्ष्मीप्रसाद डाँगीलाई नै प्रधानाध्यापक नियुक्त गरेको हो ।

डाँगीले विद्यालयका अर्का शिक्षक तेजनाथ भट्टराईलाई निमित्त दिएर राजीनामा दिएका थिए । विद्यालय व्यवस्थापन समितिले प्रक्रिया अनुसार विद्यालय सुधार प्रस्ताव माग गरेर त्यसका आधारमा जगन्नाथ फागोलाई प्रधानाध्यापक नियुक्त गरेको थियो । गाउँपालिकाले त्यसलाई सदर नगर्दा विद्यालयका शिक्षकहरूको तलब लगायत खाता बन्द हुँदा दैनिक काम कारबाही नै

*(बाँकी अन्तिम पृष्ठमा)*

### डिल्लीराजको नि.प्रअमा पराजुली

**झापा, जेठ ९।** डिल्लीराज माध्यमिक विद्यालयको प्रधानाध्यापकमा गोपीकृष्ण पराजुलीलाई मान्यता दिइएको छ । उनलाई निमित्त प्रअको रुपमा काम गराउन उच्च अदालत विराटनगरले आदेश दिएको हो ।

विद्यालयका प्रअ वीरेन्द्रप्रसाद गुप्तालाई गाउँपालिकाले जिम्मेवारीबाट हटाएपछि निमित्त प्रअको जिम्मेवारी पराजुलीले पाएका थिए । तर, कामकाजमा फर्कन पाउनुपर्छ भनी गुप्ताले अदालतमा रिट जाहेर गरेपछि प्रअ सम्बन्धी अन्यौल सिर्जना भएको थियो । उच्च अदालतले प्रअलाई जिम्मेवारीबाट मुक्त भएर शिक्षकको रुपमा काम गर्न आदेश दिएसँग उनी प्रअबाट हटेका हुन् ।

गत वैशाख २४ गतेको आदेशमा अदालतले गोपीकृष्ण पराजुलीले नै निमित्त प्रधानाध्यापकको रुपमा काम गर्ने भनी आदेश दिएको थियो तर उक्त आदेश पश्चात विद्यालय ब्यवस्थापन समितिले गुप्तालाई प्रधानाध्यापक तोकेको थियो ।

ब्यवस्थापन समितिको निर्णय अदालतको आदेशको अवहेलना गरेको भन्दै र सदस्य सचिव र

*(बाँकी अन्तिम पृष्ठमा)*

## सुनसहित पक्राउ

**काठमाडौं, जेठ ९।** भन्सार छली अवैध रूपमा संकलन गरी लैजान लागेको ७५ ग्राम तौलको सुन जस्तो देखिने पहेंलो धातुको सिक्रीसहित एक व्यक्ति पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सर्लाही कौडेना -७ का २२ वर्षीय मोहमद नईमुदीन रहेका छन् । बाह्य मुलुकबाट नेपाल आएका यात्रुलाई भन्सार छली गर्न लगाई उक्त धातु संकलन गरी लैजान लागेको अवस्थामा बुधवार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पार्किङ एरियाबाट उनलाई प्रहरीले पक्राउ गरेको हो ।

उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरमा बुझाइएको प्रहरीले जनाएको छ ।

## रेड नोटिस जारी भएका गौरव रोमानियाबाट पक्राउ

**काठमाडौं, जेठ ९।** जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी रामेछाप खाँडादेवी -९ का २४ वर्षीय गौरब नेपाली पक्राउ परेका छन् ।

रोमानियाको समन्वयमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ बुधबार नेपाल फिर्ता ल्याइएको हो । जबरजस्ती करणी मुद्दाको अनुसन्धानको सिलसिलामा उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नका लागि जिल्ला प्रहरी कार्यालय रामेछाप मन्थली र एनसीबी काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२३ अप्रिल २४ मा उनी विरूद्ध रेड नोटिस जारी भएको थियो ।

## राजीनामा ...

प्रभावित बनेको बताइन्छ ।

विद्यालय व्यवस्थापन समितिको निर्णय विपरीत गाउँपालिकाले विवाद समाधानका लागि भन्दै राजीनामा स्वीकृत भइसकेका प्रधानाध्यापकलाई नै पुन: नियुक्ति गरेपछि अभिभावकहरु भने रुष्ट बनेका छन् । अभिभावक भेलाले विद्यालय व्यवस्थापन समितिको निर्णय कार्यान्वयन गर्न र हस्तक्षेप नगर्न लिखित रूपमा नै माग गरेको छ ।

विद्यालय व्यवस्थापन समितिको क्षेत्राधिकारभित्र पर्ने प्रधानाध्यापक नियुक्ति कार्यपालिका बैठकले गर्ने अवस्था विवादका कारण सिर्जना भएको कमल गाउँपालिकाका शिक्षा शाखा प्रमुख सूर्य न्यौपानेले बताए । उनले क्षेत्राधिकारको विषयमा कार्यपालिका बैठकले निर्णय गरेकाले कार्यपालिकालाई नै यस विषयमा जानकारी हुने जनाए ।

कमल गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले कार्यपालिकाको बैठकले प्रधानाध्यापक नियुक्ति असार मसान्त सम्मका लागि मात्र गरेको बताए । बारम्बार हामीले राजीनामा दिएका र अन्य निमित्त पाएका २ जना गरेर तीनै जनालाई बोलाउँदा नआएपछि हामीले यो निर्णय लिनुपरेको हो- उनले भने ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुण भण्डारीले विद्यालय सुधारका लागि शुरु गरिएका प्रयासलाई निस्तेज पार्नका लागि प्रधानाध्यापक नियुक्ति प्रक्रियामा विवाद सिर्जना गरिएको आरोप लगाए । हामीले प्रक्रियागत रूपमा र शिक्षा नियमावली अनुसार प्रधानाध्यापक नियुक्ति गरेका हौं, - उनले भने - व्यवस्थापन समितिको निर्णयमा गाउँपालिकाले हस्तक्षेप गर्नु राम्रो होइन ।

## डिल्लीराजको ...

शिक्षक प्रतिनिधिलाई जानकारी नगराईकन बैठक नै नबसी निर्णय गरेको भन्दै समितिको बिरुद्धमा गाउँपालिकाले उक्त कानून बिपरीतको निर्णय बिरुद्ध सजायको माग गर्दै मुद्दा दायर गरेको अवस्था छ ।

अहिलेसम्म पूर्व प्रधानाध्यापक गुप्ताले गाउँपालिका र अदालतको आदेशको अवज्ञा गर्दै विद्यालयका जिन्सी शाखा, मर्मत फाँट लगायतका कोठामा लगाएको ताल्चा खोलेका छैनन् । उनले विद्यालयमा रहेको सीसी टिभी क्यामेराको रिमोटसमेत लुकाईदिँदा पठनपाठनमा कठिनाइ भइरहेको निमित्त प्रधानाध्यापक बताउँछन् । उनका यी कानून बिपरीत कार्यले विद्यालय सञ्चालन गर्न निक्कै कठिनाइ भइरहेको विद्यालयका शिक्षकले, विद्यार्थी तथा गाउँपालिकाले ठहर गरेको छ ।

उक्त विद्यालयको विवाद ४ बर्षदेखिको नमूना विद्यालयको करिब ८ करोडको हिसाब किताब सार्वजनिक नगर्नु, अत्यधिक आर्थिक अपचलन गरिएको हुनसक्ने स्थानीयको ठहर, शिक्षक प्रतिनिधिलाई ब्यवस्थापन समितिको बैठकमा नबोलाउनु, ब्यवस्थापन समिति अवैधानिक तरिकाले आफू अनुकूलको खडा गर्नु, शिक्षक- शिक्षकबीच भेदभाव गर्नु, विद्यालयमा उनको आगमन पछि शैक्षिक गुणस्तर खस्किँदै जानु, स्थानीय तहले दिएको निर्देशनलाई बेवास्ता गर्नु, गलत तरिकाले सामाजिक लेखा परीक्षण संयोजक र सामाजिक लेखा परीक्षणको सदस्य सचिवलाई बाइकट गरेर जाली प्रतिवेदन तयार गरी पठाउनु जस्ता गतिबिधिले निम्त्याएको भनी पटक-पटक बसेको सर्वदलीय, सर्वपक्षीय तथा सरोकारवालाहरुका बैठकहरुले ठहर गरेको बताइन्छ ।

अदालतको आदेश पश्चात विद्यालयमा निर्वाध रुपमा पठनपाठन कार्य सञ्चालन भइरहेको उक्त विद्यालयका सरोकारवालाहरु बताउँछन् । गुप्ताले ब्यवस्थापन समितिबाट निर्णय गराउनु अघि लामो समय सम्म विद्यालयमा अनुपस्थित रहे तापनि ज्येष्ठ ४ गतेदेखि भने नियमित रुपमा निमित्त प्रधानाध्यापकद्वारा तोकिएका आफ्ना कक्षाहरुमा अध्यापन गराइरहेको शिक्षकहरुले बताएका छन् ।

बिगत लामो समयदेखि विद्यालयको पठनपाठनमा यी र यस्ता गतिविधिले असर परिरहेको भन्दै विभिन्न चरणमा भएका आन्दोलन र विद्यालयमा भएको तालाबन्दीले कलिला बालबालिकासँग अन्याय भएको स्थानीयले गुनासो गर्दै आएका थिए । शिक्षक प्रतिनिधि, सामाजिक लेखा परीक्षण संयोजक, शिक्षक तथा अभिभावकले बारम्बार विद्यालयमा वीरेन्द्रप्रसाद गुप्ताले गलत कार्यहरु गरिरहेको भन्दै जानकारी गराउँदै निवेदन दिँदै आएका थिए ।

गाउँपालिकाले छानबिन गरी गुप्ताले गरेका विभिन्न कार्यहरु नियम बिपरीत भएको ठहर गर्दै शिक्षा समितिको सिफारिसमा उनलाई पदीय जिम्मेवारीबाट हटाएको थियो । पालिकाका प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलियाले यो विद्यालयको मुद्दा फरक रहेको र यहाँ विभिन्न किसिमका अराजक घटनाहरु घटेकोले गर्दा विद्यार्थीको पठन पाठनमा प्रत्यक्ष असर परिरहेको बताए ।

विद्यार्थीको भविष्यलाई सुनिश्चित गर्नका निमित्त गाउँपालिकाले उक्त निर्णय गरेको उनको भनाइ छ । कार्यबाहक अध्यक्ष थपलियाले गलत कार्य गर्ने जो कोहीलाई गाउँपालिकाले कार्वाही गर्ने बताउँदै शिक्षाको गुणस्तर र विद्यार्थीको भविष्यसँग खेलवाड गर्न खोज्ने जो कोहीलाई कार्वाही हुने चेतावनी दिएका छन् ।

## सन्दीप..

आईसीसीबाट जबाफ आइसकेको छैन, तर 'क्लीन चिट' पाइसकेको अवस्थामा उनलाई रोक्नुपर्ने कारण नभएको मौखिक जानकारी आईसीसीका पदाधिकारीहरूले दिएका क्यान अध्यक्ष चन्दले यसअघि बताएका थिए ।

क्यानले यसअघि नै विश्वकपका लागि अन्तिम १५ सदस्य भएको नेपाली टोलीको घोषणा गरिसकेको छ । तर आईसीसीको नियमानुसार आगामी जेठ १२ गतेसम्म खेलाडीहरू परिवर्तन गर्न पाउने व्यवस्था भएकोले सन्दीप लामिछानेको नाम थप्ने विषयमा कुनै समस्या नहुने बताइएको थियो । काठमाण्डौ जिल्ला अदालतले उनलाई आठ वर्षको जेल सजाय तोकेपछि निलम्बनमा परेका उनले त्यसयता कुनै प्रतियोगितामा खेलेका थिएनन् । उनको तन्दुरुस्ती जाँच्न क्यानले उनको 'फिटनेस टेस्ट' लिने बताएको थियो ।

क्यानका 'इन्ट्रेस्ट एन्ड कन्डिशनिङ' प्रशिक्षक भारतीय अब्दुल सट्टा अहिले नेपाली राष्ट्रिय क्रिकेट टोलीसँगै अमेरिकामा छन् । उनको निर्देशनमा सन्दीप लामिछानेको शारीरिक परीक्षा लिइने छनोट समितिका संयोजकले बताएका थिए ।

## भद्रपुरका ....

६५ वटा खोप सेसन, २ सय ४९ पटक सरसफाई सेसन सञ्चालन गरेको छ भने महिला स्वास्थय स्वयम सेविकाले चार सय पटक नगरमा स्वास्थ्यसँग विभिन्न सचेतना शिक्षा प्रदान गर्दै स्वास्थ्य सेवा पुऱ्याएको स्वास्थ्य शाखा प्रमुख भट्टराईले जानकारी दिए ।

## कोशीमा...

सरकारले कानूनी शासनलाई जनतामा प्रत्याभूति गराउन कानूनको व्यवहारिक कार्यान्वयन जरूरी रहेको बताए । जनताले राखेको विश्वास पूरा गर्ने प्रतिबद्धतासहित आयोग मानवअधिकार रक्षाका लागि क्रियाशील रहेको उनको भनाइ थियो ।

कोशी प्रदेशका प्रमुख सचिव केदारनाथ शर्माले प्रदेशमा जनताको मानवाधिकार संरक्षणका लागि आयोगसँग समन्वय र सहकार्य गरी अगाडि बढ्न सरकार प्रतिबद्ध रहेको बताए । जिल्ला समन्वय समिति मोरङकी उपप्रमुख उषा झा र नेपाल पत्रकार महासङ्घ प्रदेशका कार्यबाहक अध्यक्ष लवदेव ढुङ्गानाले हिंसारहित समाज निर्माणमा सबै लाग्नुपर्ने सुझाव दिए ।

आयोगका अनुसन्धान अधिकृत श्यामबाबु काफ्लेले आयोगको सिफारिस कार्यान्वयन सम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा द्वन्द्वपीडित परिवारका सदस्य, विभिन्न मानव अधिकारका क्षेत्रमा क्रियाशील सङ्घ सङ्गठन, सुरक्षा निकाय, प्रदेश सरकारका प्रतिनिधि र सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

## जलवायु...

मुलुकको गरिबीसँगको लडाइँ एकातिर छ भने अर्कातिर जलवायु परिवर्तनसँगको लडाइँमा कसरी जित्न सकिन्छ ? हिमालले पानी दिएन भने समुन्द्र सुक्न सक्ने तर्फ विश्व समुदायलाई सोच्न मन्त्री चौधरीले आग्रह गरे ।

संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टिनियो गुटरेसले सन्देश दिँदै स्वच्छ पानीको स्रोतलाई बचाउनु विश्व समुदायको प्रमुख जिम्मेवारी भएको बताएका थिए । उनले पर्वतीय मुलुकको एजेण्डामा नेपालले गरेको पहलकदमीले विश्व समुदायलाई हिमाली अर्थतन्त्रप्रति संवेदनशील हुन आग्रह गरेको बताए ।

गत वर्ष आफूले नेपालको भ्रमण गर्दा नजिकबाट हिमालमा जलवायु परिवर्तनको असर परेको देखेको स्मरण गर्दै उहाँले सन्देशमा हिमाललाई बचाउन र दिगो विकासका लागि लाग्न विश्व समुदायलाई आग्रह गरे । हिमालमा पारेको असरले विश्वका करोडौँ मानिस प्रभावित भइरहेको बताउँदै महासचिव गुटरेसले तापक्रम १.५ डिग्री सेल्सियस कायम राख्न नसके हिमाली मुलुकमा झन् समस्या पर्ने बताए ।

हिमाल स्वस्थ्य भए पूरा ब्रह्माण्ड स्वस्थ्य हुन्छ, हिमालमा समस्या भए पृथ्वीभरि समस्या हुन्छ । यो कुरा विश्व समुदायलाई बुझाउन ढिला भइसक्यो - उनले भने ।

कार्यक्रममा जलवायु विज्ञ रोसा लाउरा रोमियोले नेपाल लगायतका हिमाली क्षेत्रको दिगो विकास नै अहिलेको मुख्य एजेण्डा भएको बताउँदै जलवायु परिवर्तनको असरले गरिब, विपन्न, आदिवासी, जनजाति बढी पीडित हुनेगरेकाले जलवायु न्यायको सवाल जोडदार ढङ्गले उठ्नु पर्ने बताए । हिमाल र समुन्द्री मुलुकको प्रत्यक्ष सम्बन्ध रहेको बताउँदै उनले जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न हिमाली मुलुक र ठूला अर्थतन्त्र भएका मुलुकबीच सहकार्य हुनुपर्नेमा जोड दिए ।

संवाद कार्यक्रममा २३ मुलुकका ६५ जना वैज्ञानिक, जलवायु परिवर्तन विज्ञ, अनुसन्धानकर्ताको सहभागिता रहेको छ । जलवायु परिवर्तन र दिगो विकासलगायतका नौ वटा विषयमा प्राविधिक सत्रहरू सञ्चालन हुँदैछन् । संवादको अन्तिम दिन काठमाडौँ घोषणापत्र जारी गर्ने कार्यक्रम रहेको वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. महेश्वर ढकालले जानकारी दिए ।

# चोरीका मोटरसाइकलसहित पाँच जना पक्राउ

झापा, चोरीका मोटरसाइकलसहित ५ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कनकाई नगरपालिका-४ बस्नेहरू १९ वर्षीय प्रियङ्क कडेल, १९ वर्षीय कृष्ण घिमिरे, १९ वर्षीय नबिन बस्नेत तथा १९ वर्षीय दिपक भुजेल र सोही नगरपालिका-३ बस्ने १९ वर्षीय सम्रिक चुडाल रहेका छन् ।

पाँचथर जिल्लाका विभिन्न स्थानहरूबाट विभिन्न मितिमा मोटरसाइकलहरू चोरी गरी झापाको सुरुङ्गा एरियामा चलाई रहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट खटिएको प्रहरीले उनीहरूलाई चोरी भएको प्रदेश ३-०२-००९ प ५२२१ नम्बर र मे.९ प ६४६१ नम्बरका २ थान मोटरसाइकलसहित पक्राउ गरेको हो ।

उनीहरूलाई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय पाँचथर पठाइएको छ ।


## सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रीको सूचना

*तेस्रो पटक प्रकाशित मिति : २०८१।०२।१०*

उपरोक्त सम्वन्धमा आयोजनाको आ.व.०७८।०७९ र ०७९।०८० मा उत्पादन भएका वन पैदावारहरुमध्ये तपसिल अनुसारको वन पैदावारहरु सिलवन्दी दर भाउपत्र प्रक्रियाबाट बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोवार गर्ने इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस आयोजना कार्यालय, केर्खा, झापा वा वन पैदावार विकास समिति, केन्द्रीय कार्यालय, ववरमहल काठमाण्डौबाट दरभाउ-पत्र फाराम खरिद गरी ८ औं दिन (विदा भए सो को भोलिपल्ट) कार्यालय समयभित्र पेश गर्न सकिने छ । विस्तृत जानकारीका लागि आयोजना कार्यालय केरखा, झापा वा वन पैदावार विकास समिति, केन्द्रीय कार्यालय ववरमहल, काठमाण्डौंमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

| | | |
|---|---|---|
| साल गोलिया र वल्ली | ८४४.१४ | २ वटा लट |
| टिक गोलिया र वल्ली | १९३५.१० | ३ वटा लट |
| मसला गोलिया र वल्ली | ९३७.४० | १ वटा लट |
| शिरिष तथा वोटधंगेरो गोलिया | ११७३.०७ | २ वटा लट |
| मसला दाउरा | १.२५ चट्टा | १ वटा लट |
| सिरिया तथा वोटधंगेरो दाउरा | १.०० | |

- दरभाउपत्र खरिद गर्ने अन्तिम म्यादः मिति २०८१।०२।१७ गतेसम्म
- दरभाउपत्र दाखिला गर्ने अन्तिम म्याद : मिति २०८१।०२।१७ गते

**रतुवामाई वृक्षारोपण आयोजना**
केर्खा, झापा



## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा कोशी प्रदेश, नेपाल

### सँधियारको नाममा जारी गरिएको १५ दिने सूचना

प्रकाशित मितिः २०८१ ।०२।१०

पूर्वतर्फ : श्री　　पश्चिमतर्फ : श्री मीना जोशी
उत्तरतर्फ : श्री　　दक्षिणतर्फ : श्री

उक्त सम्बन्धमा यस बिर्तामोड नगरपालिका वडा नं. १ बस्ने श्री कुलप्रसाद खरेलको नाममा दर्ता कायम रहेको साविकास चारपाने -१ हाल बिर्तामोड नगरपालिका वडा नं. १ मा पर्ने कि.नं २२४९, २२५० जग्गाको क्षेत्रफल ०-०-०५, ०-०-१० धुर जग्गामा निर्माण भएको ३ तले आर.सी.सी. भवन नक्शा पासका लागि संधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार ऐन २०७४ को दफा ३१ बमोजिम यो सूचना प्रकाशित गरिएको छ । उक्त विवरणमा तपाईको कुनै हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कुनै दाबी विरोध नभए कानून बमोजिम भई जाने व्यहोरा समेत सूचित गरिन्छ ।

तपशिल

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-१ | १ | २२४९<br>२२५० | ०-०-०५<br>०-०-१० | २०७९ ।१२ ।३० | २०८०।१२।०२ | २०८१।०१।१८ |



## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा कोशी प्रदेश, नेपाल

### सँधियारको नाममा जारी गरिएको १५ दिने सूचना

प्रकाशित मितिः २०८१।०२।१०

पूर्वतर्फ : श्री मीना जोशी　　पश्चिमतर्फ : श्री
उत्तरतर्फ : श्री　　दक्षिणतर्फ : श्री

उक्त सम्बन्धमा यस बिर्तामोड नगरपालिका वडा नं. १ बस्ने श्री कुलप्रसाद खरेलको नाममा दर्ता कायम रहेको साविकास चारपाने -१ हाल बिर्तामोड नगरपालिका वडा नं. १ मा पर्ने कि.नं ३८९७, ४६९६, ४६९५ जग्गाको क्षेत्रफल ०-१-०, ०-०-१३, ०-१-७ बिगाह, कठ्ठा, धुर जग्गामा निर्माण भएको एक तले आरसीसी भवन नक्शा पासका लागि संधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार ऐन २०७४ को दफा ३१ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। उक्त विवरणमा तपाईको कुनै हकदाबी भए, यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कुनै दाबी विरोध नभए कानून बमोजिम भई जाने व्यहोरा समेत सूचित गरिन्छ ।

तपशिल

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-१ | १ | ३८९७<br>४६९६<br>४६९५ | ०-१-०<br>०-०-१३<br>०-१-७ | २०७९।१२।३० | २०८०।१२।०२ | २०८१।०१।१८ |



Happy Birthday!

जन्म दिनको हार्दिक मंगलमय शुभकामना



हाम्रो छोरा **पारूहाङ साङपाङ राई** "प्रमित"को आज पर्न गएको छैठौं जन्मोत्सवको शुभअवसरमा सु-स्वास्थ्य एवम् दीर्घायुको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**आमा : उषा काफ्ले**
**बुबा : अमितकुमार साङपाङ राई**
अर्जुनधारा नगरपालिका-७, झापा



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

### बोलपत्र प्रस्ताव स्वीकृतिको आशयपत्रको सूचना

सूचना प्रकाशित मिति : २०८१।०२।०९

प्रस्तुत विषयमा यस कार्यालयको विभिन्न मितिमा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरुमध्ये न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई तपशिल बमोजिमको प्रस्तावहरु छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । छनौट प्रस्तावविरुद्ध सूचना प्रकाशित मितिले ७ दिनभित्र कुनै प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानी स्वीकृत गरिनेछ ।

तपशिल

| S.N | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount (NRs) Without VAT |
|---|---|---|---|---|
| 1 | AM/NCB/GOODS/01-080/81 | Procurement of Essential Medicine for Health insurance Pharmacy (Package-1) | Shree Ganesh Drug House, Morang, Koshi Pradesh | 72,93,572.22 |
| 2 | AM/NCB/GOODS/02-080/81 | Procurement of Essential Medicine for Health insurance Pharmacy (Package-2) | Shree Ganesh Drug House, Morang, Koshi Pradesh | 63,88,703.34 |
| 3 | AM/NCB/GOODS/03-080/81 | Procurement of Reagents, Kits, Chemicals and Consumables for Sanischare Hospital | B.S.R. Biotech Pvt. Ltd., Lainchaur, Kathmandu | 3,50,33,315.95 |



## भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा (कोशी प्रदेश, नेपाल)

### दरभाउ (टेण्डर) आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।०२।१०

यस नगरपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व.०८१।०८२ वर्ष १ (एक) र न.पा.को माछा पोखरीको हकमा ५ (पाँच) बर्षका लागि देहायका ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले प्रथमपटक प्रकाशित मितिको सूचनाको शर्तहरुको अधिनमा रही तपशिलमा उल्लेखित समय र मितिभित्र गोप्य सिलबन्दी दरभाउपत्र (टेण्डर) दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत जानकारीका लागि कार्यालयको वेवसाइड www. bhadrapurmun.gov.np वा कार्यालयको सूचना पाटीमा हेर्न हुन वा कार्यालयमा सम्पर्क राख्नु होला ।

तपशिल

| ठे.नं. | विवरण | ठेक्का अवधि | न्यूनतम ठेक्काअंक रु. (वार्षिक) मूल्य अभिबृद्धि कर वाहेक | दरभाउपत्र फाराम दस्तुर | दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र फाराम दाखिलागर्न. अन्तिममिति, समय | दरभाउपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | चौपाया (पशु) हाट बजार सेवा शुल्क | आ.व. २०८१।८२ १ (एक) बर्षको लागि | ७,२५,५०१।०० | १,०००।– | १५ औं दिन सम्म २०८१।०२।२४गते कार्यालय समयसम्म | २०८१।०२।२५ गते १.०० बजेसम्म | २०८१।०२।२५ गते २.०० बजे पछि |
| २ | दैनिक अस्थायी हाट बजार सेवा शुल्क साविक पृथ्वीनगर गा. वि. स .वाहेक) | आ.व. २०८१।८२ १ (एक) बर्षको लागि | १०,१५,०००।०० | १,०००।– | | | |
| ३ | भद्रपुर ८ स्थित अतिथी गृहतर्फ जाने बाटोको पार्किङ्ग शुल्क | आ.व. २०८१।८२ १ (एक)बर्षको लागि | २,६५,६६६।०० | १,०००।– | | | |
| ४ | जलकर | आ.व. २०८१।८२ १ (एक) बर्षको लागि | १८,८००।०० | १,०००।– | | | |
| ५ | भद्रपुर ५ स्थित बसपार्कको पार्किङ्ग शुल्क | आ.व. २०८१।८२ १ (एक)बर्षका लागि | २,१५,५००।०० | १,०००।– | | | |
| ६ | भद्रपुर ३ मा रहेको ज्ञाने चोकमा लाग्ने दैनिक अस्थाई हाटबजार सेवा शुल्क | आ.व. २०८१।८२ १ (एक)बर्षका लागि | १,५०,०००।०० | १,०००।– | | | |
| ७ | भद्रपुर १ र २ मा रहेको हिमाली र सोमवारेमा लाग्ने दैनिक अस्थाई हाट बजार सेवा शुल्क | आ.व. २०८१।८२ १ (एक)बर्षका लागि | १,००,०००।०० | १,०००।– | | | |
| ८ | भद्रपुर ५ स्थित न. पापोखरी | आ.व. २०८१।८२ देखि २०८५।८६ ५ (पाँच) बर्षका लागि | ४०७,०००।०० | १,०००।– | | | |


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ [redacted] २०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी [redacted] व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशा [redacted] पन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## सत्य, अहिंसा र संयम जागोस्

**आज बैशाख पूर्णिमा । यस दिनलाई बुद्ध जयन्ती पनि भनिन्छ । बुद्ध जसलाई भगवानका रुपमा श्रद्धा गरिन्छ, उनले दिएका सन्देशहरु आज विश्वका पैंतीस करोडभन्दा बढी मानिसका लागि मार्गदर्शन बनेको छ । विश्वको चौथो ठूलो धर्म दर्शनका रुपमा स्थापित बौद्ध धर्मका प्रवर्तक गौतम बुद्धको उद्गम थलो नेपाल हो । त्यहीकारण नेपाललाई विश्वमै शान्तिको देशका नामले पनि चिनिन्छ । आजको दिन यसकारणले पनि विशेष दिन हो, जुन एउटै तिथिमा उनको जन्म, ज्ञान प्राप्ति र निर्वाण अर्थात् निधन भएको थियो । भगवान बुद्धको जन्म दरबारको सुखसयल भोग्ने कपिलवस्तु जिल्लामा भए पनि सानैदेखि उनी प्राणी एवम् जीवजगतलाई अगाध स्नेह गर्ने स्वभावका थिए । त्यसैले दरबार त्यागेर उनी ज्ञानको खोजीमा निस्किए । त्यही कठोर जीवन भोगाइले उनलाई महाज्ञान प्राप्त भयो । त्यसकै आधारमा उनी आज विश्वभर सम्पूज्य छन् ।**

**मानव जीवनमा आइपर्ने दु:ख, पीडाहरुको निवारणको हुटहुटीले २९ वर्षकै उमेरमा भर्खरै जन्मिएका सन्तान रपरिवारलाई त्यागेर हिंडेका सिद्धार्थ गौतमले कठोर साधना र तपस्या गरे । त्यसकै बलमा उनलाई सम्यक ज्ञान अर्थात् महाज्ञान प्राप्त भयो । त्यही ज्ञान आफ्ना शिष्यहरु मार्फत संसारलाई बाँडे । सत्य, अहिंसा र धर्मको बाटोमा हिंड्न संसारलाई प्रेरित गरे । अन्तत: उनै सिद्धार्थ गौतम  भगवान बुद्धमा रुपान्तरित भए । तिनै भगवान बुद्धको जन्मस्थल लुम्बिनी आज विश्वका बौद्धमार्गीहरु मात्र होइन वैदिक सनातन हिन्दू धर्म मान्नेहरुका लागि समेत पवित्र तीर्थस्थलका रुपमा प्रशिद्ध छ । हिन्दू धर्मावलम्बीहरुले त भगवान बुद्धलाई भगवान विष्णुको दशौं अवतारका रुपमा पूजा गर्ने गरेका छन् ।**

**भगवान बुद्धका उपदेश र शिक्षाका वाणिहरुलाई सङ्ग्रह गरिएको पुस्तक त्रिपिटक हो । जसमा बुद्धका भौतिक गुणहरुको विस्तारपूर्वक वर्णन गरिएको छ । चौरासी हजार ज्ञानसूत्र सङ्ग्रह गरिएको त्रिपिटकमा बुद्धका दार्शनिक सिद्धान्तहरु समेटिएका छन् । बुद्ध भनेकै अन्तिम सत्यको पहिचान गरेको महामानव हो । आज बुद्धका उपदेश विपरीत देश–देशका बीचमा लडाइँ भइरहेको छ । रङ्ग, सम्पत्ति, भाषा, जाति, भूगोल र धर्मका नाममा विद्वेष र विभेद भइरहेको छ । यस्तोमा बुद्धका सन्देश र शिक्षा सम्पूर्ण मानव जातिका निम्ति झनै सान्र्दभिक छन् । हामीलाई नै बुद्धको शान्ति चाहिएको छ । देशमा भइरहेको विकृति, विसङ्गति, अनियमितता, अनैतिकता र विखण्डनको पर्खाल तोडेर शान्त, संयमित, धैर्य र उदारतासहितको नेपालको खाँचो छ । त्यही सन्देश विश्वभर प्रवाह गर्ने भगवान बुद्धको विशेष दिन हामी सबैलाई बुद्धको सन्देशले सिञ्चन गरोस् । सबैमा बुद्ध पूर्णिमाको शुभकामना ।**

# यसरी वेरोजगारी उन्मुलन गर्न सकिन्छ

लक्ष्मीप्रसाद सुब्बा



हामीले आफ्नो बानी सुधार्नुपर्छ अनि छिमेकीको राम्रो बानी सिक्नु पर्छ । तर, सिको चाहिँ गर्नुहुँदैन । अभिप्राय के भने छिमेकी देश भारतमा सडक विभाग छ, नहर विभाग छ, दमकल विभाग (फायर बृगेड) छ । बृगेड भनेको तालिम प्राप्त सैन्य दल हो । हाम्रो देश नेपालमा उक्त कुनै पनि विभाग छैन, जसको अति आवश्यक छ, यति नहुँदा हाम्रो नेपाल राष्ट्र असक्षम देखिन्छ ।

सडक विभागले सडक नै बनाउँछ, सडक मर्मत गर्छ, जनताले रोजगारी पाउँछन् । साथै यातायातको लागि सहज हुन्छ । विकासको पूर्वाधार सडक हो । तर, नेपाल सरकारले सडक विभाग किन छुटयाउँदैन ? सडकको काम पालिकाहरुलाई सुम्पिँदा पालिका पालिकामा तेरो क्षेत्र, मेरो क्षेत्र भनेर मुख हेराहेर गर्दा सडकको काम अलपत्रै रहन्छ । यसो गर्नुको साटो सडक विभाग छुट्याउँदा उसले आफ्नो काम सम्झिएर सडक बनाउँछ, मर्मत गर्छ, बिचार्छ । छिमेकी देश भारतमा सडक विभाग छुट्टै छ, जसलाई PWD भन्छन् । यो विभागले सडकको काम गर्छ, जहाँ लाखौं जनताले रोजगारी पाएका छन् । तर, छिमेकीको काम हेरेर पनि सडक विभाग छुट्याएर सडकको काम सुम्पिनुपर्ने तर नेपालमा यस्तो विचार भएका नेताहरु जन्मेका छैनन् कि ?

छिमेकी देश भारतमा कृषि क्षेत्रलाईं उकास्ने हिसाबले नहर विभाग (एरिगेसन) छुट्याइएको हुन्छ । जसले कुलो, नहर बनाएर पानीको सदुपयोग गर्दै कृषि भूमिलाई उर्बर बनाएर देशलाई समृद्ध बनाएको छ, जहाँ लाखौं जनताले रोजगारी पाएका छन् । भारत देशले आफ्नो राष्ट्र झण्डामा हरियो रङ्ग राखेर देशलाई कृषिप्रधान देशको उदाहरण दिएको छ । जसले कृषिलाई प्राथमिकता दिएको छ । हाम्रो देश नेपाललाई पनि कृषि उपजको लागि भारतको बाटो हेर्नुपरेको छ । नेपाल सरकारले नजानेर हो कि नगरेर हो ? कता-कता विदेशीको सहायताले सानातिना कुलो, नहर बनिएता पनि त्यतिले देशमा सिँचाइ सुविधा प्राप्त भएको छैन । खोइ त यसबारे सरकारमा पुग्ने नेताहरुको सोच ?

कृषिले नै देश र राष्ट्रलाई महान बनाउँछ, समृद्ध बनाउँछ । नेताहरुले भात खान्छन् कि पैसा खान्छन् ? भात खान्छन् भने कृषि क्षेत्रलाई किन विचार गर्दैनन् मागेर भए पनि पैसा थुपारेका छन् । तर, त्यो पैसालाई कृषि विकासमा लगाउन सक्दैनन् कि, जान्दैनन् कि, मन गर्दैनन् ? उर्बर भूमि सिँचाइ नहुनाले बाँझै रहेको छ । उता सरकारले भने भूमिपुत्र युवा शक्तिलाई भिसा बनाइदिएर विदेशतिर पठाएका पठाएकै छन् । युवाहरुलाई स्वदेशमा रोजगारी दिन नसकेर नेताहरु विदेशमा हाम्रा युवाहरुलाई कृषि गरेर काममा लगाइ देउ भन्दै लम्पसार पर्छन् । बिन्ति बिसाउँछन । भाषणमा सुनकै फूल फुलाउने खालको कुरा राख्छन् । तर, म के बोल्दैछु भन्ने कुरो जान्दैनन् । बोल्न जान्दछन्, कानून जान्दछन् । तर, देशका जनता कसरी बाँचेका छन् भन्ने कुरा जान्दैनन् । जलस्रोत खेर गइरहेको छ, सिँचाइ सुविधा मिलाएर कृषिक्षेत्रलाई विकास गरे स्वदेशममा सुन फल्छ, विदेश गएर बगाउने पसिना स्वदेशमै बगाए भाग्य बनिन्छ ।

धेरै कुरामा सरकारलाई सचेत गराउँदै गर्दा यो वर्ष २०८१ सालको अग्नि ताण्डवबारे पनि सरकारको ध्यानाकर्षण गराउनुपर्ने बुझेर यो लेख लेख्न लागेको हुँ । यस वर्षको अग्नि ताण्डवले साह्रै धेरै धन-जनको क्षति भयो र यो कुरो विचार गर्दा सरकारको असक्षमता भन्ने कुरा स्पष्ट हुन्छ । देश, जनता, राष्ट्रको हित गर्नु, सुरक्षा गर्नु सरकारको कर्तव्य हो । दुःखको साथ भन्नुपर्दा यो वर्षको शुरुको महिनामै यति ठूलो अग्नि काण्ड हुनु ग्रहदशाको कारणभन्दा पनि सरकारकै अकर्मण्यता भन्ने बुझिन्छ । अग्र सोची सदा सुखी भने झैं सरकारले यस बारे पहिले नै प्रबन्ध मिलाएको हुनु पर्ने, तर क्षति भयो जनताको, के जनता दुःखी हुनुमा सरकारको केही सरोकार रहँदैन र ? जनता रोए, कराए, आँशु बगाएँ, भएको सर्वस्व गुमाए । ती पीडितहरुले अहिले पनि सुखको सास फेर्न सकेका छैनन्, तर उता कुर्सी मोहमा फँसेका नेताहरुको रौं पनि हल्लिँदैन ।

नेपाल सरकारले स्वदेशमा जनधनको सुरक्षालाई मध्येनजर राखेर छिमेकी देश भारतमा जस्तो नेपालमा पनि दमकल विभाग छुट्याएर राख्नुपर्ने जसलाई भारतमा फायर बृगेड भन्छन् । फायर बृगेड भनेको आगो निभाउन तालिम प्राप्त सैन्यदल हो जसको साथमा दमकल, इञ्जिन (पानीसहितको गाडी) हुनुपर्छ । यहाँ लामो, छोटो पार्न सकिने भऱ्याङ हुनुपर्छ । लामो पिङ भएको तबल, हाते आरी, टसलाइट, फरुवा, आगोले झट्टै नटिप्ने फायर प्रुफ लुगा लगाएको साथै टाउकोमा हेलमेट अनि छालाको लामो बुट लगाएको हुनुपर्छ साथै प्राथमिक उपचारको प्रबन्ध हुनुपर्छ ।

खानेपानी अलग राखेर सैन्यदल फायर इञ्जिनमा तयार भएर बस्नुपर्छ । इञ्जिनसँग काँसाको ठूलो घण्ट सधैं झुण्ड्याइएको हुनुपर्छ, अकस्मात कतैबाट आगलागी सूचना पाउना साथ त्यो घण्टा बजाउँदै त्यसतर्फ द्रूतगतिले कुद्नुपर्छ र आगो निभाउने काम गर्नुपर्छ । आगो लागेको छेउमा घर-टहरा भए कि चाहिँ पन्छाउनुपर्छ, कि त्यसलाई आगोले टिप्न नसक्ने उपाय गर्नुपर्छ । आगो निभाउन गएको बेला द्रूत वाहनको जस्तो आवाज गर्दा द्रूत वाहन होकी राजदुतको गाडी हो भन्ने बुझिँदैन । तसर्थ, खतराको संकेत काँसाको घण्टा बजाउनुपर्छ । यसरी घण्टा बजाएर कुदेको थाहा पाउने सबैले बाटो छोडी दिनुपर्छ । यदि त्यो गाडीले अग्रिम संकेत गर्दागर्दै पनि यदि सानोतिनो दुर्घटना भई हाले उसलाई कानून लाग्दैन ।

आगो बलेको ठाउँमा पुगेर फायर बृगेडले तत्कालै तरिका मिलाएर आगो निभाउन लगाउनुपर्छ । मालसामान सुरक्षित प्रकारले निकाल्नुभन्दा पनि पहिले जीउ, ज्यानको सुरक्षा गर्नुपर्छ । मालसामान निकाल्ने, पन्छाउने क्रममा मौका पारेर कति जना दया, माया नभएकाले त आफ्नो घरतिर पनि पनि लैजान्छन् । त्यस्तो अवस्थामा प्रहरीको पनि त्यहाँ खाँचो पर्छ । यदि कसैलाई चोटपटक लागे वा आगोले जलेमा उसलाई तत्काल उपचारको लागि व्यवस्था मिलाउनुपर्छ ताकि पीडितहरुले सरकार भएको अनुभव गर्न पाउन । महानगर, उपमहानगर, नगरपालिकाहरुमा कम्तीमा १० बृगेड तैनाथ रहनुपर्छ, वडामा पाँच वटासम्म बृगेड हुनुपर्छ । त्यो पनि थोत्रा पुराना राखेर गन्ति पुऱ्याउनु होइन । चालू अवस्थाको हुनुपर्छ । यस्तो प्रबन्ध नगर्नाले यस्तो प्रकारले जनताले धनजनको क्षति व्यहोर्नु पऱ्यो ।

अर्को कुरा वन विभागले रुख निकाल्न बाटो बनाएको हुन्छ, त्यो बाटो भएर फायर बृगेडले आगो निभाउनु पर्थ्यो, तर आऽऽ डढोस् है, भनेर वनमा डढेलो लाग्न दिए जस्तो बुझियो यो पालिको घटना । त्यहाँ ठूलो खर्च हुन्छ, तर त्यो भन्दा ठूलो देश, राष्ट्र जनताको सक्षमता दर्शिन्छ । यस्तो भयो, त्यस्तो भयो भनेर बिलौना गर्नु पर्दैन । सरकारको लक्ष्य भनेकै देश र जनताको रक्षा गर्नु हो । मगन्ते नेताहरु विदेशमा गएर हामीलाई यो चाहियो, त्यो चाहियो भन्दै झोली थाप्तै भिख माग्छन् । फिर्दा क्वीन्टलका क्वीन्टल सुन लुकाएर ल्याउँछन् । तर, देशलाई प्रयोगमा ल्याउन जान्दैनन कि मन गर्दैनन् । पूजा गर्न ल्याएको सुन नचलाउने भनेर पूजा गर्दै राखेका हुन् कि ? सुन किनि दिने त जनता नै हुन्, तर सुनको भाउले आकाश छोयो ।

हाम्रा आमा, दिदी, बहिनी, श्रीमतिको नाक, कान, बुच्चै, घाँटी रित्तै छ । नेताका बुडीले चाहिँ जति पनि गहना लाउन पाउँछन, किन्नु पर्दैन, नेताहरुले ल्याइदिहाल्छन । यो साल त हाम्रा दिदीबहिनीले लाउँला, खाउँला भनेर खाइनखाइ दुःख गरेको कमाइ, जति-जे थियो त्यो सबै सरकारको अकरमण्यताले गर्दा आगोमा सबै स्वाहा भयो । यता हरेक चीजको भाउ बढेर सामान्य जनतालाई बाँच्न गाह्रो पऱ्यो । त्यसमाथि पनि सुक्खा खडेरीले पानी नपर्नाले किसानले लगाएको मकै बाली सुकेर त्यो पनि डढेलो लाग्यो, तर सरकारले डढेलो निभाउने कुनै उपाय गरेन, न त तन डढेको न त वन डढेको, न त घर डढेको सबै डढेलो निभाउन सकेन ।



# आज बुद्ध जयन्ती तथा उभौली पर्व

वैशाख शुक्ल पूर्णिमा अर्थात् बुद्ध जयन्ती । देशभर विविध कार्यक्रम आयोजना गरी २५६८औं बुद्ध जयन्ती मनाइँदैछ । गौतम बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण प्राप्ति भएको त्रिसंयोग परेको दिनको रूपमा यसको महत्त्व छ ।

हालको लुम्बिनी क्षेत्रमा इसा पूर्व ५६३ अर्थात् करिब दुई हजार ६०० वर्षअघि राजा शुद्धोधन र रानी मायादेवीको सुपुत्रका रूपमा जन्मेका थिए । शुरुमा उनको नाम सिद्धार्थ राखिएको थियो । उनी २९ वर्षका उमेरमा दरबार त्यागी ज्ञानको खोजीमा लागेका थिए । छ वर्षको तपस्यापछि ३५ वर्षको उमेरमा इसापूर्व ५२८ मा सिद्धार्थलाई भारतको बौद्धगयामा बुद्धत्व प्राप्ति भयो । यसपछि उनले बुद्धका रूपमा विश्वभर प्रसिद्धि पाए ।

गौतम बुद्धले बताएको आर्य अष्टाङ्गिक मार्गमा सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् जीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि प्रज्ञा, शील र समाधि पर्छन् । त्यसैगरी पञ्चशीलमा चोरी नगर्नु, झुठो नबोल्नु, यौन व्यभिचार नगर्नु, मद्यपान नगर्नु र हिंसा नगर्नु रहेका छन् । बुद्धलाई शान्तिका अग्रदूत, एसियाका ज्योति लगायत उपमा दिने गरिएको छ ।

बुद्ध जयन्तीका अवसरमा काठमाडौंको बौद्ध, स्वयम्भू, चारुमती विहार, लुम्बिनी, काभ्रेपलाञ्चोकको नमोबुद्ध लगायत स्थानका बौद्ध बिहार, गुम्बा, स्तूप, चैत्यमा बुद्धवाणी सम्बन्धी प्रवचन, शोभायात्रा र शान्ति पदयात्रा निकालिँदैछ । किरात समुदायको उभौली चाड पनि यसै दिन मनाइन्छ । त्यस्तै सनातन हिन्दू धर्मावलम्बीहरू मध्ये केहीले यसै दिन देवाली, गोठधुप गर्छन् । बैशाख शुक्ल पूर्णिमा सेरोफेरोमा काठमाडौं उपत्यकामा विभिन्न जात्रा चल्ने गर्छन् ।

**उभौली पर्व किन मनाइन्छ ?**

प्रकृतिका पुजारी यस समुदायले बशाख पूर्णिमाका दिन अन्न बाली सप्रियोस्, राम्रो बाली लागोस्, पृथ्वीमा कहींकतै खाद्यान्नको कमी नहोस् भन्दै यस उभौली पर्व मनाउँछन् । चण्डी नाच गरिने भएकाले आज चण्डी पूर्णिमा पनि भनिन्छ । चण्डी पूर्णिमा भन्नाले सुम्निमा अर्थात् पार्वतीको सृष्टि भएको दिन हो । त्यही भएर उभौलीका अवसरमा सांस्कृतिक महोत्सवका रूपमा यो पर्व मनाउने गरिन्छ ।

कृषि उन्मुख यी दुई यस्ता पर्वहरू छन्, जसले सम्पूर्णतया कृषि र बालीको जनाऊ दिने गर्छन् । यी दुई वटा पर्वहरूमा किरात समुदायले मनाउने उभौली र उधौली पर्व हुन् । बैशाख पूर्णिमामा उभौली र मंसीर पूर्णिमामा उधौली मनाइन्छ । उभौलीलाई बालीनाली लगाउने र उधौलीलाई थन्क्याउने अवसरका रूपमा मनाइन्छ । उभौलीमा सुम्निमा र पारुहाङले सम्पूर्ण सृष्टि जगतको रक्षा गर्ने विश्वास गरिन्छ । बैशाख शुक्ल पूर्णिमादेखि शुरु भएको यो पर्व लगातार एक महिनासम्म मनाइन्छ ।

**कसरी मनाइन्छ उभौली ?**

बालीनालीका रक्षक तत्त्वहरू जस्तै कि प्रकृति, आवहवा, देवी-देवता र पृथ्वीको आज पूजा गरिन्छ । पारम्परिक भेष-भूषामा सजिएका किराँती समुदायको गोलबन्द हुँदै पुरुष-महिला सँगै नाचेको अत्यन्त रसिक माहौल यसपाली कमै देख्न पाइनेछ । अनि पुरुषहरू लेकाली कोट, दौरा-शुरुवाल लगाउने, बुकी-फूल सिउरिने र नेपाली टोपी लगाएर खुकुरी भिरेर नाच्छन् भने महिलाहरूले कम्मरमा पटुकी बाँधेर चौबन्दी चोली र छिटको फरिया लगाउने र पहेँला गरगहनासहित सजिएर नाच्ने चलन छ । हातमा चौँरीको पुच्छर, चमर, सिल्लिमो, पोमी र सिम्कौली सेउली हल्लाउँदै सोई ढोले सोई अर्को ढोले खोई भन्दै नाच्दा त माहौल नै अर्को हुन्छ । यसरी नाच्दा स्याउला, ढोल, झ्याम्टा, बिनायो तथा हारी जस्ता बाजाहरू बजाउँदै अनि विभिन्न कृषि कार्य गरे झैं जस्तै धान काटेको, दाउनी गरेको जस्तो मुद्रामा नाचिन्छ ।

**कसरी मनाइन्छ चण्डी पूर्णिमा ?**

जात्राको पहिलो दिन बनेपाको तीन धारामा रथको निर्माण गरिन्छ । अनि रातिमा देवी चण्डेश्वरीको मूर्ति प्रतिस्थापित गरेर दोस्रो दिन बनेपा बजार घुमाएर चण्डेश्वरीको स्वागत गरिन्छ । जात्रामा कङ्पुग बाजा, शाही बाजा विधि बाजाका रूपमा र सनही बाजा र धिमे बाजा समेत बजाइन्छ । यो जात्रा सनातन संस्कार अनि प्राचीनतम् सभ्यताको एउटा अलौकिक उदाहरण हो । जात्रामा कम्तीमा १४ वटा बली पूजा समेत गरिन्छ । नेवारी समुदायले जात्रा सम्पन्न गरेपछि आफन्तजनलाई आमन्त्रण गरेर भोज खुवाउने चलन रहेको छ ।

बैशाख शुक्ल पूर्णिमा र भोलिपल्ट दुई दिनसम्म मनाइने जात्राको अघिल्लो दिन उहिलेका राजा महाराजले प्रयोगमा ल्याएका गरगहना र सिक्काको पूजा-आजा समेत गर्ने प्रचलन छ । चण्डेश्वरी जात्राका अतिरिक्त काभ्रे जिल्लामा उग्रचण्डी नालामा भगवती महालक्ष्मीको, साँगामा नासिका भगवतीको, चौकोटमा श्वेतगणेशको, पलान्चोक भगवती, श्रीखण्डपुरमा श्वेत भैरवको र पनौतीमा इन्द्रेश्वरको जात्रा बर्सेनि हुने गरेको छ । चण्ड सुरहरूको वध गर्न हरेक युगमा चण्डेश्वरीको आगमन होस् ।

# स्वास्थ्य शिविरबाट पाँच हजारले सेवा लिए

**विराटनगर, जेठ ९।** विराटनगर महानगरपालिकाले सञ्चालन गरेको एकीकृत विशेषज्ञ स्वास्थ्य जाँच शिविरबाट पाँच हजार २२ जनाले सेवा लिएका छन् ।

महानगरले १९ वटै वडामा सञ्चालन गरेको स्वास्थ्य शिविरबाट उनीहरुले सेवा लिएका हुन् । हाडजोर्नीतर्फ आठ सय ६१, स्त्री तथा प्रसूतितर्फ छ सय ७३, बालरोगतर्फ छ सय ४६, मुख तथा दाँतको दुई सय ५१, छाला तथा यौनरोगतर्फ चार सय ३६, भिडियो एक्स-रे तर्फ एक हजार तीन सय ७२, इसिजी ६ सय ५६, पाठेघरको जाँच पाँच सय ७० तथा प्रयोगशाला सेवा एक हजार दुई सय ५२ जनाले लिएका छन् ।

महानगरको स्वास्थ्य महाशाखाका प्रमुख डा. दिलीप यादवका अनुसार स्वास्थ्य शिविरमा सबैभन्दा बढी वडा नं. १९ मा चार सय २२ जना र सबैभन्दा कम वडा नं. १० मा एक सय १८ जनाले सेवा लिएको स्वास्थ्य शिविरका सम्पर्क व्यक्ति भोलानाथ तिम्सिनाले जानकारी दिए ।

महानगरपालिकाले स्वास्थ्य र शिक्षालाई उच्च प्राथमिकतामा राखेर कार्य गरिरहेको प्रमुख नागेश कोइरालाले बताए । विराटनगरलाई मोतियाविन्दुमुक्त महानगर बनाउने अभियान अन्तर्गत आँखा जाँचका लागि विभिन्न छ वटा वडाको स्वास्थ्य केन्द्रलाई साप्ताहिक आँखा जाँच क्लिनिक तोकिएको समेत प्रमुख कोइरालाले जानकारी दिए ।



**विपन्न परिवारलाई जस्तापाता** : भोजपुरको टेम्केमैयुङ गाउँपालिका–९ सेल्मेका स्थानीयलाई राज्यले जस्तापाता वितरण गरेपछि लगाइएको छानो । यस वडाका १२५ गरीब तथा विपन्न परिवारले जस्तापाता पाएका हुन् । वडाको पहलमा राज्य तर्फबाट जस्तापाता प्राप्त गरेसँगै स्थानीयको फुसको चुहिने छानोमा बस्नुपर्ने अवस्थाको अन्त्य भएको वडाध्यक्ष नभराज माङपाहाङले जानकारी दिए । *तस्वीर : रासस*

# रामजानकीको आयव्यय सार्वजनिक

**बुधबारे, जेठ ९।** बुद्धशान्तिमा रहेको रामजानकी मन्दिरको २५औं वार्षिक उत्सवको अवसरमा आयोजित पुराणको आयव्यय सार्वजनिक गरिएको छ ।

गत बैशाख ५ गतेदेखि १३ गतेसम्म सञ्चालित श्रीलिङ्ग महापुराणको आयव्यय सार्वजनिक गरिएको मन्दिरका अध्यक्ष टंक विकल्प काफ्लेले जानकारी दिए ।

पुराणमा सहयोगवापत दुई लाख ८९ हजार पाँच सय रुपैयाँ, नयाँ सदस्य शुल्क वापत एक लाख २३ हजार २१ रुपैयाँ, अक्षयकोष वापत नौ हजार दुई सय रुपैयाँ र जिन्सी सामान बिक्रीबाट चार हजार चार सय ६० रुपैयाँ संकलन भएको थियो ।

पुराणमा पूजा सामग्री खरिदमा ५० हजार चार सय ६९, खाद्य तथा अन्य सामग्री खरिदमा ८६ हजार ७५ रुपैयाँ, यातायात तथा प्रचारप्रसारमा १३ हजार रुपैयाँ, निमन्त्रणा, ब्यानर, सम्मानपत्र लगायतका छपाइका क्रममा ३१ हजार एक सय ९० रुपैयाँ, दानदक्षिणा वापत एक लाख ३९ रुपैयाँ, साउण्ड सिस्टम टेण्ड तथा नौमति बाजालाई ५४ हजार पाँच सय रुपैयाँ प्रदान गरिएको जनाइएको छ ।

त्यस्तै भान्सा तथा अन्य कार्यका लागि खटिएकालाई पारिश्रमिक स्वरुप ५९ हजार पाँच सय रुपैयाँ प्रदान गरिएको, विविध खर्च तीन हजार रुपैयाँ खर्च भएको अध्यक्ष काफ्लेले जानकारी दिए ।

२५औं वार्षिक उत्सव तथा रजत वर्षको अवसरमा मन्दिरको प्राचीन इतिहासदेखि वर्तमानसम्मको चिनारीका साथै बुद्धशान्तिभित्रका अन्य मठमन्दिरको संक्षिप्त परिचय एवम् आध्यात्मिक जागरण सम्बन्धी विषयहरु समेटिएको रामजानकी दर्पण स्मारिका प्रकाशित गरिएको थियो ।

उक्त स्मारिकाको पुराणकै अवसरमा लोकार्पण गरिएको थियो । आचार्य मुकुन्द नेपालले प्रमुख ब्यासको रुपमा कथा वाचन गरेका थिए भने पाठपारायण पण्डित खगेन्द्र निरौलाले गरेका थिए । अनुष्ठानमा भक्तिसंगीत किशोर ढुंगाना, भरत प्रणामी र अनिषको रहेको थियो । सोही अवसरमा अनुष्ठानमा मन्दिरका लागि श्रम र समय प्रदान गर्ने पूर्व कर्मचारीद्वय खगेन्द्र अधिकारी र हेमप्रसाद घिमिरेलाई सम्मान गरिएको थियो ।

सोही अवसरमा नयाँ सदस्यता लिने, आजीवन तथा श्रेयष्कर सदस्यहरुलाई समेत सम्मान गरिएको अध्यक्ष काफ्लेले जानकारी दिए । रामजानकी मन्दिरले हरेक वर्ष पुराणको आयोजना गर्दै आएको र आगामी वर्ष श्रीरामचन्द्र भगवानले शिवधनु उठाइ तादो चढाएको र माता जानकीले स्वयम्वरको माला लगाइ रामसीताको स्वयम्वर हुन लागेको धातुको प्रतिमा स्थापना गर्ने लक्ष्यका साथ पुराण आयोजना गरिने अध्यक्ष काफ्लेले बताए ।

# कमलमा सिप सिकेपछि आएको परिवर्तन

**कमल, जेठ ९।** कमल गाउँपालिका-६ की विमला बराइलीलाई यतिबेला एकै छिन फुर्सद छैन । एक वर्ष अगाडिदेखि सिलाइ-बुनाइको सामान्य व्यवसाय शुरु गरेकी बराइली यतिबेला व्यावसायिक रुपमा सिलाइबुनाइ शुरु गरेपछि फुर्सद नै छैन ।

आफूले यसरी व्यवसाय शुरु गरुँला र यस्तो व्यस्तता हुन्छु भनेर सोचेको पनि थिइनन् । 'समय र परिस्थितिले गर्दा यति व्यस्त भइयो की अहिले साथीभाइ आउँदा बोल्ने फुर्सद छैन ।' -उनी भन्छिन् ।



विमला एक वर्ष अगाडिसम्म सामान्य दिन कटाउनका लागि घरमै सिलाइकटाई गर्दै आएकी थिइन् । जब गाउँपालिकाले महिलाहरूलाई क्षमता विकास अन्तर्गत तालिम सञ्चालन गर्ने बारेको सूचना पाइन् र वडामा गएर आफ्नो नाम दर्ता गराएपछि तालिममा सहभागी भएकी थिइन् ।

छ महिनाको तालिमपछि दुई-चार महिना घरमै सिलाइकटाइ चलाइन् । अहिले 'श्री कमल ऊर्जाशील नारी लघुउद्यमी समूह' नामको फर्म सञ्चालन गर्दै सिक्न चाहनेलाई विमलाले तालिम समेत दिइरहेकी छिन् ।

उनको आर्थिक पक्ष सबल हुनुका साथै दैनिक एक हजार पाँच सयदेखि दुई हजार रुपैयाँसम्म कमाइ हुन थालेको छ । यतिमात्र होइन उनीभित्र आत्माबल बढेको छ । समाजले उनलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन आएको उनी बताउँछिन् । दुईचार जनाका अगाडि निर्धक्क आफ्ना कुरा राख्न सक्ने क्षमताको विकास भएको विमला बताउँछिन् ।

विमला त क्षमता विकासले ल्याएको परिवर्तनको एक प्रतिनिधि पात्र मात्र हुन् । कमल गाउँपालिकामा उनी जस्तै आफूलाई स्वरोजगार बनाएर विभिन्न पेशा र व्यवसायमा दर्जनौं युवा संलग्न रहेका छन् ।

गाउँपालिकाद्वारा सञ्चालन भएको क्षमता विकास तालिमबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै स्थानीय विकास निर्माणका कार्यहरूलाई प्राथमिकतामा राखेर उचित खर्चको व्यवस्थापन गर्दै स्थानीयबासीको क्षमता विकास गर्दै उनीहरूको जीवनस्तर उकास्दै सभ्य समाजको निर्माण गर्न कमल गाउँपालिकामा लागीपरेको छ ।

कार्यक्रम सञ्चालन भएपछि कमल गाउँपालिकाले पालिकाभित्र स्थायीरुपमा बसोवास गर्ने नागरिकका लागि क्षमता विकास सम्बन्धी विभिन्न तालिम सञ्चालन गर्दै आएको छ । तालिम लिएपछि धेरै युवाहरूले आफ्नै व्यवसाय सञ्चालन गरेका छन् भने कतिपय युवा आफूले सिकेको सीप र क्षमतालाई सदुपयोग गर्दै वैदेशिक रोजगारीमा गएर राम्रो आम्दानी समेत गर्दै आएका छन् ।

गाउँपालिकाले गाउँमा रहेका नागरिकको क्षमता विकास गर्न सकेमात्र सिंगो पालिकाको विकास हुने भएकोले हरेक नागरिकलाई सक्षम बनाउन गाउँपालिकाले विभिन्न किसिमका क्षमता विकाससँग सम्बन्धित तालिम सञ्चालन गरिरहेको छ ।

पछिल्लो समय गाउँपालिकाले नागरिकको मागका आधारमा क्षमता विकास सम्बन्धी विभिन्न तालिम सञ्चालन गर्दै आएको छ । जस अन्तर्गत गत आर्थिक वर्षमा एसी फ्रिज मर्मत ४०, कफी बनाउने ६०, एडभान्स ड्राइभिङ ४०, लोकसेवा तयारी कक्षा ४०, ढाका तालिम लगायत बालबालिकाकालाई बालविवाह, बाल संरक्षण, लागूपदार्थ दुर्व्यसनी, उद्घोषणका साथै दलिततर्फ उद्यमशिलता, सिलाइकटाइ, नेतृत्व विकास जस्ता तालिम सञ्चालन गरेको थियो ।

त्यस्तै चालू आर्थिक वर्षमा एडभान्स मोबाइल मर्मत ३२, लोकसेवा तयारी एडभान्स ड्राइभिङ ३४, ब्युटिसियन २३, महिलालाई ठेला वितरण १४, महिला जनप्रतिनिधिलाई क्षमता विकास ४५, साबुन र फिनेल बनाउने ७० जनालाई क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरेको छ । तालिम लिएका हरेक युवाले आफूले सिकेको सिपका आधारमा स्वरोजगार बनेका छन् । तालिमले एकतिर व्यक्ति स्वरोजगार बनेपछि उसको जीवन स्तरमा परिवर्तन आएको छ भने अर्कोतर्फ पालिकाको राजस्वमा समेत वृद्धि भएको छ ।

पालिकाले तालिम दिएर स्वरोजगार बनाएका व्यवसायीलाई उनीहरूको व्यवसाय प्रवर्द्धनका लागि आवश्यक सहयोग गर्न गाउँपालिका सधैँ तयार रहेको कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईले बताए । युवाहरूलाई तालिम मात्र होइन उनीहरूलाई आफूले सञ्चालन गरेका व्यवसायलाई थप विस्तार गर्न पालिकाको स्रोत र साधनले भ्याएसम्म सहयोग गर्ने गरेको अध्यक्ष राईले बताए ।

पालिकाद्वारा सञ्चालित यस्ता तालिमले स्थानीयबासीलाई धेरै फाइदा पुगेको छ । तालिममा सहभागी कतिपय अहिले स्वरोजगार बनेका छन् भने तालिम लिएपछि उनिहरूमा आत्मबल बढ्नुका साथै केही गरौं भन्ने हिम्मत समेत आएको कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्य बताउँछन् । सेवा प्रवाह र सेवाग्राहीबीचको सम्बन्धलाई समेत सुमधुर बनाएको छ । सेवा प्रवाह र सेवाग्राही दबैले आ-आफ्नो जिम्मेवारी र कर्तव्य बुझेर सेवा दिने र लिने हुँदा सहज भएको शाक्यले बताए ।

गाउँपालिकामा विभिन्न कार्यक्रम सञ्चालन गरेसँगै पालिकाको आवधिक योजना निर्माण, वार्षिक रणनीतिक योजना निर्माण, सूचना प्रविधि, आन्तरिक नियन्त्रण प्रणाली लैङ्गिक समानता, आर्थिक योजना निर्माण लगायतका क्षेत्रमा समेत कार्यक्रमको प्रत्यक्ष प्रभाव परेको छ ।

आगामी दिनमा प्रदेश र स्थानीय तह मिलेर जनताको न्यूनतम आवश्यकताका साथै रोजगारी सिर्जना गर्नेखालका कार्यक्रम कसरी अघि बढाउनुपर्ने स्थानीयको भनाइ छ । अझै पनि पालिकाका आम नागरिकलाई क्षमता विकास सम्बन्धी विभिन्न कार्यक्रमसँग जोड्दै अगाडि बढ्नुपर्ने आवश्यकता रहेको र आगामी आर्थिक वर्षमा यस्ता कार्यक्रमले प्राथमिकता पाउनुपर्नेमा विश्वस्त रहेको स्थानीयको भनाइ छ ।

# दूधे रंगशालामा प्यारापिट

**– सेलिङ केसी**

**दूधे, जेठ ९।** शिवसताक्षी नगरपालिका वडा नं. ११ दूधेमा सुविधासम्पन्न रंगशालाको लागि प्यारापिट निर्माण शुरु भएको छ ।

शिवसताक्षी नगरपालिकाको भ्याटसहित ६९ लाख ६१ हजार नौ सय २१ रुपैयाँ २७ पैसाको लागतमा सुविधासम्पन्न कार्यक्रम मञ्चसहितको प्यारापिट निर्माण शुरु भएको हो । प्यारापिट निर्माणका लागि इभान्सी निर्माण सेवा कम्पनीले काम गरिरहेको



निर्माण कम्पनीका सञ्चालक टंकप्रसाद लुइँटेलले जानकारी दिए ।

मापदण्डमा कुनै पनि सम्झौता नगर्ने समेत बताएका लुइँटेलले बताए । काम सम्पन्न गर्नका लागि २०८१ जेठ १६ गतेसम्म मात्र म्याद भएकाले उक्त समय अवधिमा काम सकिने सम्भावना नभएकाले म्याद थप गरी असार मसान्तसम्ममा काम सकिने निर्माण कम्पनीका सञ्चालक लुइँटेलको भनाइ रहेको छ । उनले तीव्रगतिमा काम गर्दा पनि हालसम्म काम अझ बाँकी भएकाले पूर्व निर्धारित मितिमा काम सक्ने सम्भावना नभएको बताए ।

शिवसताक्षी नगरपालिकाले यो अन्तर्राष्ट्रिय मापदण्डको दूधे रंगशालालाई खुलेरै रकम विनियोजन गरेकाले वर्षेनि मैदानको वरिपरि प्यारापिट बन्दै जाने दूधे बजार विकास समितिका अध्यक्ष तथा युवा व्यवसायी सन्तोष थोप्राले जानकारी दिएका छन् ।

दूधे रंगशाला झापाको गौरव मात्र होइन अन्तर्राष्ट्रिय मापदण्डको रंगशाला भएकोले सबैले चासोका रुपमा हेरेको उनको भनाइ छ । निर्माण भइरहेको प्यारापिट मञ्चसहित छ सय दर्शक बस्न सकिने क्षमताको रहेको अध्यक्ष थोप्राले बताए । दूधे रंगशालाको सम्पूर्ण योजना सम्पन्न हुँदा दिनरात खेल्न र दौडिन सकिने कम्प्लेक्ससहितको रनिङ ट्र्याक हुने अध्यक्ष थोप्राको भनाइ रहेको छ भने तत्काल स्थानीय झार पटपटे लगाउने तयारी रहेको बताएका छन् ।

हालसम्म दूधे रंगशालाको नाममा २ करोड ३१ लाख ६१ हजार नौ सय २१ रुपैयाँ २७ पैसा बराबरको काम भइसकेको छ । जसअनुसार संघीय सरकारबाट ४० लाख, प्रदेश सरकारबाट ६० लाख र शिवसताक्षी नगरपालिकाबाट १० लाख रुपैयाँ पहिलो चरणमा खर्च भएको छ भने गुरुयोजना निर्माण गर्दा सात लाख, डिपीआर निर्माण गर्दा २० लाख र ईआईए गर्दा २५ लाख खर्च भइसकेको जनाइएको छ ।

पुरानो योजना अनुसार दूधे रंगशाला निर्माण सम्पन्न हुँदा स्विमिङ पुल, भलिबल कभर्ड हल, कराते कभर्ड हल, पार्किङ र सुविधासम्पन्न प्यारापिट निर्माण गर्ने योजना रहेको छ । जसको लागत सबै काम सम्पन्न हुँदा पुरानो डिपीआर अनुसार ३९ करोड खर्च हुने बताइएको छ ।

# दमक नपामा १४ करोड बढी राजस्व

**भद्रपुर, जेठ ९।** दमक नगरपालिकाले चालू आर्थिक वर्षको १० महिनामा रु. १४ करोड २४ लाख २० हजार एक सय ३२ राजस्व सङ्कलन गरेको छ ।

नगरपालिकाले गत आर्थिक वर्षको सोही अवधिको तुलनामा रु. दुई करोड ५१ लाख ६३ हजार नौ सय ७३ रकम बढी राजस्व सङ्कलन गरेको हो । गत आवको १० महिनामा दमक नगरपालिकाले रु. ११ करोड ७२ लाख ५६ हजार एक सय ५९ रकम राजस्व सङ्कलन गरेको थियो ।

नगरपालिकाका सूचना अधिकारी समिप चुडालले चालू आवमा रु. २१ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा वैशाख मसान्तसम्ममा ६८ प्रतिशत राजस्व सङ्कलन गरिएको जानकारी दिए ।

दमक नगरपालिकाले विभिन्न २६ शीर्षकमा राजस्व सङ्कलन गर्दै आन्तरिक आय गर्दै आएको छ । नगरपालिकाले हालसम्म सम्पत्ति करबापत रु. दुई करोड नौ लाख, कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने दस्तुरबापत रु. एक करोड ६० लाख रकम सङ्कलन गरेको सूचना अधिकारी चुडालले बताए ।

नगरपालिकाले चालू आर्थिक वर्षको बैशाखसम्ममा मालपोत कर रु. एक करोड ६४ लाख, सम्पत्ति कर रु. एक करोड ५५ लाख, नक्सापास दस्तुर रु. एक करोड ६० लाख, बहाल करबापत रु. एक करोड १८ लाख बढी सङ्कलन गरेको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
**बढुवा समितिको सचिवालय**
**बढुवा सिफारिस सम्बन्धी सूचना**

*सूचना प्रकाशित मितिः २०८१/०२/०९*

लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरको मिति २०८०/११/३० मा प्रकाशित रा.प. अनं. द्वितीय श्रेणी, न्याय सेवा न्याय समूह, तामेलदार पदको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनका आधारमा महुने बढुवा सूचना बमोजिम बढुवा समितिको मिति २०८१/०२/०८ को निर्णयाअनुसार निम्नानुसारका उममेदवारलाई बढुवाका लागि रिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा–२४ (च) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवा

| सि.नं. | बढुवा सूचना नं. | उम्मेदवारको नामथर/संकेत नं. | पद/श्रेणी | सेवा, समूह, उप–समूह |
|---|---|---|---|---|
| १. | ४६९/०८०–८१ | मनोज लिम्बु (२०२६२७) | तामेलदार, रा.प.अनं.द्वितीय | नेपाल न्याय, न्याय |

**विश्वराज नेपाल**
**सहायक प्रमुख जिल्ला अधिकारी**

**बराल ट्याक्सी सर्भिस**
**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**
छुट्ने समय: दमकबाट : बिहान ६ बजे; बिर्तामोडबाट : बिहान ७ बजे; मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक): सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५; जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा– ४, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*






सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३



**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
व्यापार-व्यवसायमा लाभ होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक काममा मन जानेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनाले शुभ खबर सुनिने छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
आजको फलदायी छ, चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला,बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, धैर्य रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।